• गाइसिन्गर तपाईंका लागि स्याहार र सेवाको असाधारण तह ल्याउन समर्पित छ । कृपया बिलिङ र भुक्तानी विकल्पहरू राम्ररी बुझ्नका लागि यो ब्रोसर समीक्षा गर्नुहोला । यदि तपाईंसँग केही प्रश्नहरू भए, कृपया बिरामी सेवा कल केन्द्रमा **८००-६४०-४२०६** मा फोन गर्नुहोस् । हामी तपाईंलाई मद्दत गर्दा खुशी हुनेछौं ।

## पूर्व–सेवा

### माइएस्टिमेट

माइएस्टिमेट® एउटा गाइसिन्गर औजार हो जसलाई हाम्रा बिरामीहरूलाई सेवा प्रदान गर्नुअगावै स्याहार को मूल्य निर्धारण गर्न सहयोग गर्न स्रोत का रूपमा प्रयोग गरिन्छ ।

- **अनलाइन :** geisinger.org "माइएस्टिमेट" खोजी गर्नुहोस्
- **फोन : ८००-६४०-४२०६**

## के तपाईंले बीमा गर्नुभएको छैन ? गाइसिन्गरको विश्वसनीय सल्लाहकारले मद्दत गर्न सक्छन् ।

हामीसँग प्रामाणिक आवेदन परामर्शदाताहरू छन् जसलाई फेडेरल स्वास्थ्य बीमा बजारका साथै पेनसिलभानिया मेडिकल असिस्टेन्स (सहायता) कार्यक्रममा तालिम दिइएको छ । हाम्रा परामर्शदाताहरूले तपाईंसँग काम गर्नेछन् र तपाईंलाई सेवाहरू भन्दा पहिले नै बीमा प्राप्त गर्न मद्दत गर्नेछन् । गाइसिन्गर ट्रस्टेड एडभाइजर (विश्वसनीय सल्लाहकार) सँग बोल्नका लागि वा आमने-सामने भेट तय गर्नका लागि **८५५-८४९-१५१०** मा फोन गर्नुहोस् । यो सेवा निशुल्क प्रदान गरिएको छ ।

यदि तपाईंले बीमा गर्नुभएको छैन भने र सेवा सिन चाहनुहुन्छ भने, तपाईंलाई त्यसमा छूट प्राप्त हुनसक्छ । धेरै जस्तो स्थितिमा, तपाईंले यी सेवाहरूका लागि सेवा प्रदान गरिनु अघि शुल्क तिर्नुपर्ने हुन्छ । कृपया सहयोगका लागि आर्थिक परामर्शदातालाई फोन गर्नुहोस् ।

### नसमेटिने (कभर नगरिने) सेवाहरू

यी खर्चहरू ती मेडिकल सेवाहरूका लागि हुन् जुन तपाईंको बीमाले भुक्तानी गर्दैन । आफ्नो स्वास्थ्य बीमा प्रदायकद्वारा सेवाहरू प्रदान गरिनु अघि ती सेवाहरू समेटिछन् कि समेटिँदैनन् भनी निर्धारण गर्ने जिम्मेवारी बिरामीकै हो । तपाईंले आफ्नो बीमाले नसमेट्ने सेवाहरू पनि आफ्नो इच्छामा लिन सक्नुहुनेछ । कृपया सहयोगका लागि आर्थिक परामर्शदातालाई सम्पर्क गर्नुहोस् ।

## बीमा बिलिङ

### के गाइसिन्गर मेरो बीमामा सहभागी हुन्छ वा सोसँग "सञ्जालमा" छ ?

गाइसिन्गर धेरै बीमा योजनाहरूमा सहभागी हुन्छ, र सूची बढीरहेकै छ । सबैभन्दा पछिल्लो सूचीका लागि :

- **अनलाइन :** geisinger.org र "स्वीकृत गरिएका बीमा" खोजी गर्नुहोस् ।
- **इमेल :** insurance_question@geisinger.org
- **फोन : ८००-६४०-४२०६**

नोट : यदि तपाईंको बीमा गाइसिन्गरमा सहभागी छैन भने, हामी अझै पनि तपाईंलाई दावी पूरा गर्न सहयोग गर्नेछौं; यद्यपि यदि तपाईं सहभागितामा वा "सञ्जालमा (इन नेटवर्क)" प्रदायककहाँ जानुहुन्छ भने तपाईंले बढी शुल्क तिर्नुपर्ने हुनसक्छ ।

### दावी फाइल गर्नका लागि सहयोग

हामी अमेरिकाभित्र साथै मेडिकेयर र पेनसिल्भानिया मेडिकल असिस्टेन्स (सहायता) सँग तपाईंका कुनै पनि बीमा योजना दावी फाइल गर्न पाउँदा खुशी हुनेछौं । कृपया एपोइन्टमेन्ट (भेटवार्ता) मा निम्न कुरा तयार राख्नुहोला :

- तपाईंको वर्तमान बीमा कार्ड
- तपाईंको बीमा कम्पनीबाट प्राप्त कुनै पनि बीमा दावी फाराम
- तपाईंको रोजगारदाताबाट कुनै पनि फाराम

आफ्नो स्याहारका लागि गाइसिन्गर छनोट गर्नुभएकोमा धन्यवाद ।

Geisinger

geisinger.org

83449-1-4/16-ADEP/BF

Geisinger

# गाइसिन्गर स्वास्थ्य पद्धतिमा

# तपाईंको बीमा र भुक्तानी विकल्पहरू



### प्रमुख पदहरू

गाइसिन्गारलाई तिर्नँपर्ने रकमको सम्बन्धमा तपाईंले जान्नुपर्ने प्रमुख पदावलीहरूको सूची निम्न छन् ।

- **सह-भुक्तानी वा "को-पे"** – यो मेडिकल बिलको त्यो अंश हो जुन तपाईंले प्रत्येक पल्ट आफ्नो फिजिसियन (चिकित्सक) कहाँ गएका बेला तिर्नँ पर्दछ । यो एउटा पूर्व-निर्धारित शुल्क हो जसलाई तपाईंको बीमा कम्पनीले निर्धारण गर्दछ र सेवाको मितिमा तिर्नु पर्नेहुन्छ ।
- **डिडक्टिबल (कटौती)** – तपाईंको बीमा प्रदायकले तिर्नु भन्दा अगाडि तपाईंले मेडिकल उपचारका लागि तिर्नुपर्ने रकम - जस्तै १,००० डलर प्रतिव्यक्ति वा ३,००० डलर प्रति परिवार धेरैजसो स्थितिहरूमा, प्रत्येक वर्ष नयाँ कटौती रकम निर्धारण गर्नुपर्दछ ।
- **सह-बीमा (को-इन्युरेन्स)** – यो बिलक त्यो अंश हो जुन धेरैजसो तपाईंले तिर्नुपर्ने को-पे र कटौतीको अतिरिक्त हुन्छ । साधारणतया सह-बीमा जम्मा मेडिकल बिलको एउटा प्रतिशत हा — जस्तै २० प्रतिशत ।
- **अबिलम्ब वा आकस्मिक उपचार** – आकस्मिक सेवाहरूलाई त्यस्तो आवश्यक सेवाका रूपमा परिभाषित गर्न सकिन्छ जसमा असक्तता, जीवनको क्षति वा अङ्गभङ्ग हुनबाट जोगाउन तुरून्त स्याहार चाहिन्छ भनी फिजिसियनले निर्धारण गर्दछन् ।
- **वैकल्पिक स्याहार र सेवाहरू** – वैकल्पिक स्याहार त्यस्तो मेडिकल स्याहार वा सेवाहरू हुन् जसको समय तय गर्न सकिन्छ । यदि तपाईंको सेवा अबिलम्ब वा आकस्मिक छैन भने, तपाईंलाई बिलको केही अंश सेवा प्रदान गरिने बेलामा भुक्तानी गर्न भनिनेछ । यदि तपाईंको वैकल्पिक स्याहार लिने योजना छ भने, हामीलाई तपाईंले आफ्नो मेडिकल एपोइन्टमेन्ट तय गर्नँ अगावै फोन गर्नँहोस् । हामी तपाईंसँग भुक्तानी विकल्पहरू छलफल गर्नेछौं ।

### मैले कहिले भुक्तानी गर्नुपर्छ ?

केही भुक्तानीहरू तपाईंले स्याहार पाउनु अघि नै वा त्यही बेला गर्नुपर्ने हुन्छ । तपाईंले तपाईंको बीमा प्रदायकले निर्धारण गरेको तिर्नु पर्ने बाँकी रकमका लागि बिल प्राप्त गर्नँहुनेछ ।

### भुक्तानी योजनाहरू

यदि तपाईंले आफूले तिर्नँपर्ने सम्पूर्ण बाँकी रकम तिर्न सक्नुहुन्न भने, कृपया तुरुन्तै हामीलाई सम्पर्क गर्नुहोस् । हाम्रा आर्थिक परामर्शदाताहरू तपाईंसँग ब्याज रहित इन्स्टलमेन्ट (किस्ता) योजना र अन्य विकल्पहरू छलफल गर्न पाउँदा खुसी हुनेछन् ।

- ८००-६४०-४२०६ मा हामीलाई फोन गर्नुहोस् ।
- व्यक्तिगत रूपमा आर्थिक परामर्शदातासँग कुरा गर्नुहोस् ।
- इन्स्टलमेन्ट योजनाहरू १०० डलरभन्दा बढीका बाँकी रकमका लागि स्थापित गरिनेछन् ।

### आर्थिक सहयोग कार्यक्रम

गाइसिन्गार स्वास्थ्य पद्धतिले अवैतनिक स्याहार कार्यक्रम प्रदान गर्दछ जसले हाम्रा बिरामीहरूलाई आय मार्गदर्शनहरू र परिवारको आकारका आधारमा सहयोग गर्दछ । यस कार्यक्रम सम्बन्धी जानकारी निम्न स्थानमा उपलब्ध छन् :

- **अनलाइन :** geisinger.org/patients/tools / र "आर्थिक सहयोग (फाइनान्सियल असिसटेन्ट)" छनोट गर्नुहोस्
- **फोन :** बिरामी सेवा कल सेन्टर : ८००-६४०-४२०६
- **व्यक्तिगत रूपमा** कुनै पनि गाइसिन्गार अस्पताल सुविधामा आर्थिक परामर्शदातासँग

### अतिरिक्त बिलहरू

तपाईंले प्रदायकहरूबाट वा गाइसिन्गार स्वास्थ्य पद्धति भन्दा अन्य स्थानहरूबाट अलग्गै बिल पनि प्राप्त गर्न सक्नुहुनेछ । कृपया तिनीहरूको भुक्तानी विकल्पहरू बारे जान्नका लागि ती बिलहरूमा भएको सम्पर्क जानकारी प्रयोग गर्नुहोस् ।

### गाइसिन्गारको बिरामी सेवा कल केन्द्र

बिलिङ प्रश्नहरूका लागि तपाईंको एकल सम्पर्क बिन्दु :
८००-६४०-४२०६

## हामीलाई सम्पर्क गर्नुपर्ने केही कारणहरू :

- बिलिङ स्टेटमेन्ट (कथन) बुझ्न मद्दतका लागि
- भुक्तानी गर्नका लागि
- तपाईंको बीमा अपडेट (अध्यावधि) गर्न वा परिवर्तन गर्नका लागि
- तपाईंको हुलाकी ठेगाना अपडेट (अध्याबधि) गर्नका लागि
- भुक्तानी विकल्पहरू छलफल गर्नका लागि
- केन्द्रिय वा उत्तरपूर्वी पेनसिलभानियाका हाम्रा धेरै स्थानहरूमध्ये एउटामा आर्थिक परामर्शदातासँग बैठक तय गर्नका लागि

## तपाईंको गाइसिन्गार मेडिकल रेर्कड

हामीले तपाईंको अकाउन्ट ठीकसँग क्रेडिट गरेको सुनिश्चित गर्नका लागि, कृपया हामीलाई बिरामीको गाइसिन्गार मेडिकल रेकर्ड नम्बर र बिरामीको जन्ममिति प्रदान गर्नुहोस् । हरेक बिरामीसँग एउटा विशिष्ट मेडिकल रेकर्ड नम्बर हुन्छ । तपाईंको अकाउन्टको स्थिति जाँच गर्नका लागि पनि तपाईंलाई यो नम्बर आवश्यक हुनेछ । तपाईंको अकाउन्टको स्थिति जाँच गर्नका लागि पनि तपाईंलाई यो नम्बर आवश्यक हुनेछ ।

## गाइसिन्गार स्वास्थ्य पद्धतिले स्वीकृत गर्ने भुक्तानीका प्रकारहरू :

- नगद
- डेबिट कार्डहरू
- व्यक्तिगत चेकहरू, जुन "गाइसिन्गार स्वास्थ्य पद्धति" लाई भुक्तानीयोग्य हुन्छन्
- धनादेश, जुन "गाइसिन्गार स्वास्थ्य पद्धति" लाई भुक्तानीयोग्य हुन्छन्
- प्रमुख क्रेडिट कार्डहरू, जसमा डिस्कभर, भिसा र मास्टरकार्ड सामेल छन्
- गाइसिन्गार कर्मचारीहरूका लागि हामी पेरोल कटौती पनि स्वीकार गर्छौं ।

## महत्वपूर्ण पूर्वावलोकन

- सेवाहरू प्रदान गरिनुभन्दा पहिले हामी अनुमानित रकमहरू प्रदान गर्न सक्छौं ।
- बीमा कभरेज प्राप्त गर्ने बिरामीहरूलाई सहयोग गर्न हामीसँग स्रोतहरू उपलब्ध छन् ।
- व्यक्तिगत सहयोग प्रदान गर्नका लागि थुप्रै स्थानमा आर्थिक परामर्शदाताहरू छन् ।
- भुक्तानी तपाईंले सेवा प्राप्त गरेको दिन वा तपाईंले पहिलो स्टेटमेन्ट प्राप्त गरेको दिनमा गर्नँपर्ने हुन्छ ।
- ब्याज-रहित भुक्तानी योजनाहरू उपलब्ध छन् ।
- हामी आय र परिवार आकारमा आधारित रहेर बिरामीहरूलाई सहयोग गर्नका लागि आर्थिक सहयोग कार्यक्रम प्रदान गर्दछौं ।
- बिलिङ सम्बन्धी जानकारी Geisinger.org ले प्रदान गर्दछ ।

## कसरी भुक्तानी गन

**अनलाइन :** GeisingerWebPay.org

**हुलाक मार्फत :** Geisinger Health System
P.O. Box 27727
Newark, NJ 07101-7727

**फोनद्वारा :** ८००-६४०-४२०६

**व्यक्तिगत रूपमा :** कुनै पनि गाइसिन्गार केन्द्रमा

आफ्नो स्याहारका लागि गाइसिन्गार छनोट गर्नँभएकोमा धन्यवाद ।